नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार, काठमाण्डौं




# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८०/८१

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
वार्षिक प्रगति प्रतिवेदन
आ.व. २०८०/८१
www.mopit.gov.np

नेपाल सरकार

मा. देवेन्द्र दाहाल
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११६७०
(कार्यालय)
फ्याक्स नं. ०१-४२११८८४
Web: www.mopit.gov.np
Email:

# शुभकामना

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्धारा आ.व. २०८०/०८१ को स्वीकृति वार्षिक कार्यक्रम अन्तरगत सम्पादन भएका क्रियाकलापहरु समटेर पुस्तिकाको रुपमा प्रकाशन हुन लागेकोमा खुसी लागेको छ ।

राष्ट्रिय लोकमार्ग, रेलमार्ग, जलमार्ग लगायत राष्ट्रिय यातायात विकास र सडक सुरक्षा जस्ता विकासका महत्वपूर्ण आधार स्तम्भहरु निर्माण गरी भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आवद्ध गर्दै मुलुकको आर्थिक तथा सामाजिक विकास अभिवृद्धि गर्न यस मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ । प्रविधिमा आएको परिवर्तन र विकासमा देखिएको नवप्रवर्तन (Innovation) लाई आत्मसात गर्दै जनचाहना अनुरुपका भौतिक पूर्वाधार सेवाहरुको निर्माण, मर्मत सम्भार र संरक्षणमार्फत आम नागरिकको जनजीवनमा प्रत्यक्ष सुविधा र सहयोग पुर्‍याउन सक्ने नीति, योजना र कार्यक्रमहरु निर्माण एवं प्रभावकारी कार्यान्वयन गर्नु आजको आवश्यकता रहेको छ ।

भौतिक पूर्वाधार निर्माणको महत्वपूर्ण जिम्मेवारी बोकेको यस मन्त्रालयको काम कारवाहीप्रति स्वभाविक रुपमा सबैको चासो रहने गर्दछ । आ.व. २०८०/०८१ मा यस मन्त्रालय अन्तरगतका सबै निकायहरुले सम्पादन गरेका क्रियाकलापहरुको संकलन गरी प्रकाशित यस पुस्तिकाले यस मन्त्रालयको काम कारवाहीप्रति चासो राख्ने सरोकारवालाहरुको जिज्ञासा पूरा गर्न सहयोगी हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न हुनुहुने सबैलाई धन्यवाद व्यक्त गर्दछु । साथै आफ्नो जिम्मेवारीलाई इमान्दारीपूर्वक वहन गर्न राष्ट्रसेवकहरुमा थप उर्जा र उत्प्रेरणा मिलोस र आगामी दिनमा समेत प्रकाशनले निरन्तरता पाउने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

८१।४।१८

मा. देवेन्द्र दाहाल
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार, काठमाडौं

## मन्तव्य

यस मन्त्रालय अन्तर्गतका सबै निकायहरुबाट आ.व. २०८०/८१ मा सम्पादन भएका क्रियाकलापहरु समेटेर यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुसी लागेको छ । भौतिक पूर्वाधार तथा राष्ट्रिय यातायात सञ्जाल विकासप्रति चासो राख्ने सबैका लागि यो पुस्तिका सहयोगी हुने अपेक्षा राखेको छु ।

यस मन्त्रालयले जनचाहना अनुरुपका गुणस्तरीय भौतिक पूर्वाधार सेवाहरुको विकास मार्फत नागरिकको आर्थिक, सामाजिक जीवनमा अभिवृद्धि गर्दै सरल र सहज जीवनयापन गर्न पूर्वाधार सेवाहरुले महत्वपूर्ण भूमिका खेल्दै आएको कुरा सबैमा विदितै छ । राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिवी निवारण, दिगो शान्ति र सुरक्षित यातायात सञ्जालको निर्माणमा हाम्रा राष्ट्रिय राजमार्ग, रेलमार्ग, सुरुङ मार्ग र जलमार्ग जस्ता पूर्वाधारहरुको योजना एवं कार्यान्वयनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय कटिवद्ध छ । सीमित स्रोतसाधन तथा असीमित पूर्वाधार विकासको आवश्यकता बीचको सन्तुलन कायम गर्ने चुनौतिको सामना गर्दै मुलुकको सबै भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई जोड्ने कार्यमा यस मन्त्रालय क्रियाशील रहेको छ ।

अन्त्यमा, यस मन्त्रालयबाट सडकमार्ग, रेलमार्ग, जलमार्ग र सुरक्षित यातायात व्यवस्थापन सम्बन्धमा सम्पादन भएका क्रियाकलापहरुलाई एउटै पुस्तिकामा समेटेर प्रकाशन गर्दा एकातिर यसप्रति जिज्ञासा राख्ने सबैका लागि यो पुस्तिका सहयोगी हुनेछ भने अर्कोतिर सूचनाको प्रवाह र पारदर्शिताको माध्यमबाट सुशासन कायम गर्न थप मद्दत पुग्नेछ भन्ने अपेक्षा राखेको छु ।साथै यो पुस्तिका तयार गर्न संलग्न सबै सहकर्मी कर्मचारी साथीहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

ई. केशव कुमार शर्मा
सचिव
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सम्पादक मण्डल

संयोजक - भिमार्जुन अधिकारी
सहसचिव

सदस्य - मोहन निरौला
उपसचिव

सदस्य - नारायण प्रसाद निहुरे
सि.डि.ई

सदस्य - मार्शल कुमार ओली
शाखा अधिकृत

सदस्य - रुबी कोजू
इन्जिनियर

सदस्य - बबिता शर्मा
इन्जिनियर


# सम्पादकीय

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायको कामकारबाहीलाई उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउने क्रममा सार्वजनिक निकायबाट सम्पादन भएका कार्यहरुलाई सरल स्पष्ट र संगठित रुपमा जनसमक्ष ल्याउने प्रयास अनुरुप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आ.व. २०८०/८१ मा सम्पादित कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरेका छौं ।

यस प्रतिवेदनमा मन्त्रालय र अन्तर्गतका सडक विभाग, रेल विभाग, यातायात व्यवस्था विभाग, नेपाल पानीजहाज कार्यालय समेतबाट यातायात सम्बन्धी महत्वपूर्ण पूर्वाधार निर्माण कार्य, सडक मर्मत सम्भार तथा यातायात व्यवस्थापनका क्षेत्रमा आ.व. २०८०/८१ मा सम्पन्न भएका कार्यहरुको प्रगति समावेश गरिएको छ । यसका अतिरिक्त मन्त्रालय र अन्तर्गत निकायको संक्षिप्त परिचय, मन्त्रालयबाट सुशासन कायम राख्न चालिएका कदमहरुको बारेमा समेत उल्लेख गरिएकाले यस सम्बन्धी चासो राख्ने सेवाग्राही तथा सरोकारवालाहरुलाई जानकारी दिन यो पुस्तिका सहयोगी हुने अपेक्षा रहेको छ ।

प्रतिवेदन प्रकाशनको यस निरन्तरतामा समय सापेक्ष परिवर्तन र परिमार्जन गर्दै लैजाने यस मन्त्रालयको सोचलाई सरोकारवाला सबैको अमूल्य राय, सुझाव र सल्लाहले अझ सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएका छौं। अन्त्यमा यस प्रतिवेदनको प्रकाशनलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रदान गर्नुहुने सबै कर्मचारी तथा अग्रज महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।


यो प्रतिवेदन http://mopit.gov.np/ /year-book.html बाट Download गर्न सक्नुहुने छ।

राय, सुझाव र सल्लाहको लागि सम्पर्क ठेगाना

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**योजना, अनुगमन तथा मूल्यांकन महाशाखा**

www.mopit.gov.np

विषयसूची


१. भौतिक **पूर्वाधार तथा यातायात मन्त्रालयको परिचय** ........ 10

१.१. **पृष्ठभूमि** ........ 10

१.२. **दूरदृष्टि** ........ 10

१.३. **लक्ष्य** ........ 10

१.४. **उद्देश्य** ........ 10

१.५. **मुख्य मुख्य कार्यहरु** ........ 10

.१.६ **कार्यक्षेत्र** ........ 11

.१.७ **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका निकायहरु** ........ 12

२. **मन्त्रालयको सांगठनिक संरचना र कार्यविवरण** ........ 13

२.१. **प्रशासन महाशाखा** ........ 15

२.१.१. **आन्तरिक व्यवस्थापन शाखा** ........ 15

२.१.२. **कर्मचारी प्रशासन शाखा** ........ 16

२.१.३. **आर्थिक प्रशासन शाखा** ........ 16

२.१.४. **कानुन तथा फैसला कार्यान्यवन शाखा** ........ 16

२.२. **योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा** ........ 17

२.२.१. **योजना शाखा** ........ 17

२.२.२. **अनुगमन तथा मूल्याङ्कन शाखा** ........ 17

२.२.३. **वातावरण तथा सामाजिक शाखा** ........ 17

२.३. **पूर्वाधार निर्माण तथा यातायात महाशाखा** ........ 18

२.३.१. **यातायात व्यवस्था शाखा** ........ 18

२.३.२. **सडक तथा जल यातायात शाखा** ........ 18

२.३.३. **रेल्वे व्यवस्था शाखा** ........ 18

२.४. **विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा** ........ 19

२.४.१. **विकास सहायता समन्वय तथा गुणस्तर शाखा** ........ 19

२.४.२. **निर्माण व्यवसाय प्रवर्द्वन शाखा** ........ 19

३. **मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय** ........ 20

३.१. **सडक विभाग** ........ 20

३.२. **रेल विभाग** ........ 21

३.३. **यातायात व्यवस्था विभाग** ........ 21

३.४. **नेपाल पानीजहाज कार्यालय** ........ 22

४. **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गत निकायहरुको स्वीकृत दरवन्दी विवरण** ... 24

४.१. **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** ........ 24

४.२. **सडक विभाग** ........ 24

४.३. **रेल विभाग** ........ 25

४.४. **यातायात व्यवस्था विभाग** ........ 25

४.५. **नेपाल पानीजहाज कार्यालय** ........ 25

५. **आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति** ........ 26

५.१. **वार्षिक विनियोजन र खर्च** ........ 26

५.२. **वार्षिक विनियोजन र खर्च** (**विभाग अनुसार**) ........ 27

५.३. **पन्ध्रौ योजनाको नतिजा सुचकमा हासिल प्रगति** ........ 28

५.४. **आर्थिक वर्ष २०८०को बजेट वक्तव्यको कार्यान्वयन प्रगति ८१/** ........ 28

५.५. **कानून तर्जुमा एवं सुधार** ........ 36

६. **मन्त्रालय अन्तर्गतका निकायबाट आर्थिक वर्ष २०८०/८१ मा भएको प्रगति विवरण** ........ 37

६.१. **सडक विभाग** ........ 37

६.१.१. **आर्थिक बर्ष २०८०को मुख्य मुख्य उपलब्धिहरु ८१/** ........ 37

६.१.२. **आमा सडक विभाग अन्तर्गत लक्ष्य र प्रगति ८१/०८० .व.** ........ 38

६.२. **रेल विभाग** ........ 38

६.२.१. **आर्थिक बर्ष २०८०को मुख्य मुख्य उपलब्धिहरुः ८१/** ........ 38

६.२.२. **आ.व २०८०को बार्षिक लक्ष्य ८१/प्रगति स्थिति** ........ 39

६.३. **यातायात व्यवस्था विभाग** ........ 39

६.३.१. **आको मुख्य ८१/०८० .व.-मुख्य उपलब्धीहरुः** ........ 39

६.४. **नेपाल पानीजहाज कार्यालय** ........ 40

६.४.१. **आको मुख्य मुख्य उपलब्धिहरु ८१/०८० .व.** ........ 40

७. आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति विवरण ........ 41
७.१. रेल, मेट्रोरेल तथा मनोरेल विकास आयोजना ........ 41
७.२. पुष्पलाल राजमार्ग आयोजना (पहाडी-मध्य) ........ 42
७.३. हुलाकी राजमार्ग आयोजना ........ 42
७.४. उत्तर दक्षिण लोकमार्ग ........ 43
७.४.१. कोशी कोरिडोर ........ 43
७.४.२. कालीगण्डकी कोरिडोर ........ 44
७.४.३. कर्णाली कोरिडोर दक्षिण खण्ड (खुलालु सल्लिसल्ला सडक योजना) ........ 45
७.४.४. कर्णाली कोरिडोर उत्तर खण्ड (सिमिकोट सडक योजना-हिल्सा) ........ 47
७.५. काठमाण्डौ मधेश द्रुत मार्ग सडक आयोजना/तराई-(नेपाली सेना) ........ 48
८. आर्थिक वर्ष २०८०/८१ मा रूपान्तरणकारी आयोजनाहरुको प्रगति विवरण ........ 49
८.१. गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेशी रसुवागढी सडक आयोजना ........ 49
८.२. नारायणघाट बुटवल सडक योजना ........ 50
८.३. कन्न्चनपूर कमला सडक योजना - ........ 50
९. आ.व. २०७१/७२ देखि २०८०/८१ सम्म विनियोजित बजेट र खर्चको विवरण ........ 52
१०. यस मन्त्रालय अन्तर्गत सडक विभागबाट गरिएको सडक विस्तारको विवरण (किलोमिटर) ...... 54

अनुसूची- १ आर्थिक वर्ष २०८०/८१ को संशोधित विनियोजन र खर्च (बजेट उपशीर्षक अनुसार)
अनुसूची- २ मन्त्रालय अन्तर्गतका निकायबाट गरिएका कार्यहरुका तस्विरहरु

| | |
|---|---|
| RTO | Road Transport organization |
| PWD | Public Work Directives/Department |
| SRN | Strategic Road Network (**रणनैतिक सडक संजाल**) |
| JICA | Japan International Corporation Agency |
| PIP | Priority Investment Plan |
| GIS | Geographical Information System |
| DoR | Department of Roads |
| DBM | Dense Bituminous Macadam |
| IEE | Initial Environment Examination |
| EIA | Environment Impact assessment |
| EPC | Engineering, Procurement, and Construction |
| DPR | Detail Project Report |
| eVRS | Electronic Vehicle Registration System |
| EDL | Electronic Driving License |
| CIMS | Citizenship Information Management System |
| वि.सं. | विक्रम सम्वत् |
| सा.प्र. | सामान्य प्रशासन |

# १. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको परिचय

## १.१. पृष्ठभूमि

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्थापना राष्ट्रिय लोकमार्ग, राष्ट्रिय रेलमार्ग, जलमार्ग लगायत देशका प्रमुख भौतिक पूर्वाधारहरुको विकास गर्ने उद्देश्यले भएको हो। यस मन्त्रालयले राष्ट्रिय यातायात विकास र सडक सुरक्षा सम्बन्धी काम पनि गर्दछ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नेपाल सरकारको एक महत्वपूर्ण मन्त्रालय हो। यस मन्त्रालयले देशका विभिन्न भौगोलिक क्षेत्रहरुलाई राष्ट्रिय यातायात सञ्जाल मार्फत जोडेर देशको आर्थिक र सामाजिक विकासलाई अभिवृद्धि गर्ने जिम्मेवारी लिएको छ। राष्ट्रिय यातायात, राष्ट्रिय रेलमार्ग, शहरी मेट्रो, राष्ट्रिय लोकमार्ग, जलमार्ग, फ्लाईओभर जस्ता भौतिक पूर्वाधारहरूको विकाससम्बन्धी योजना, नीति तथा कार्यक्रम तयार गर्नु, र यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निरीक्षण जस्ता कार्यहरु गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ। यस मन्त्रालयले वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्द्धन गर्नुका साथै सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने काम पनि गर्दछ ।

## १.२. दुरदृष्टि

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि पूर्वाधारको विकासमा योगदान पुग्ने गरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्जाल विस्तार गर्ने ।

## १.३. लक्ष्य

सडक, रेल, जलमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनैतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आबद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरुलाई स्थानीय बजारहरुसँग आबद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवं आयोजनाहरुलाई टेवा पुऱ्याउने ।

## १.४. उद्देश्य

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपूरक हुने गरी विभिन्न मार्गहरुलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, रेल र जलमार्गहरुको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने ।
- देशका ग्रामीण क्षेत्रका गाउँहरुलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, उद्योग, विद्युत र अन्य विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्वका विविध क्रियाकलाप एवं आयोजनाहरुमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने ।

## १.५. मुख्य मुख्य कार्यहरु

- स्थल, जल, रेल लगायतका पूर्वाधार विकास र यातायात सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।
- सडक तथा पुल निर्माण, मर्मत संभार एवं संरक्षण सम्बन्धी काम गर्ने ।
- विभिन्न स्थलमार्ग, रेलमार्ग, जलमार्गहरुको निर्माण सम्बन्धी कार्य गर्ने ।
- सडक सुरक्षा सम्बन्धी कार्य गर्ने।
- भौतिक पूर्वाधार क्षेत्रहरुका अन्तराष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोग सम्बन्धी कार्य गर्ने ।
- स्थलमार्ग, जलमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको समन्वय सम्बन्धी कार्य गर्ने ।

- नेपाल इन्जिनियरिङ सेवाको हाईवे उपसमूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यता निर्धारण तथा विभागीय कारवाही आदि सम्बन्धी केन्द्रीय कर्मचारी निकायको कार्य गर्ने ।

## १.६. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई देहायका कार्यहरु गर्नेगरी कार्यक्षेत्र निर्धारण गरिएको छः

- राष्ट्रिय यातायात विकास र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- राष्ट्रिय यातायात पुर्वाधार सञ्चालन र अन्तरप्रादेशिक यातायात विकासको अन्तर सम्बन्ध,
- वातावरण, अपांगता र लैंगिकमैत्री तथा विपद जोखिम संवेदनशील यातायात प्रबिधिको प्रबर्दन,
- राष्ट्रिय रेलमार्ग, शहरी मेट्रो रेल लगायत रेल प्रणाली, रेल सुरक्षा प्रणालीसम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन,
- रेलवेसेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन,
- राष्ट्रिय लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजना पहिचान, अध्ययन, निर्माण, मर्मत संभार, महसुल र व्यवस्थापन,
- राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुँच बिन्दु र सडक सीमा क्षेत्रको व्यावस्थापन र नियमन,
- राष्ट्रिय लोकमार्ग सम्बन्धी तथ्यांक संकलन, अभिलेखीकरण र सूचना प्रवाह,
- सडक प्रबिधिको बिकाससम्बन्धी अध्ययन र अनुसन्धान,
- सडक तथा अन्य बैकल्पिक यातायात प्रबिधि, लगानी र अन्तर्देशीय यात्रुबाहक यातायात सेवा सञ्चालन,
- राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्बजनिक यातायातको रूट अनुमति, भाडा निर्धारण र नियमन,
- सवारी साधनहरुको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा बिस्थापन,
- सडक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
- जलमार्ग लगायत बैकल्पिक यातायात सम्बन्धी नीति कानून र मापदण्ड,
- राष्ट्रिय महत्वका वैकल्पिक यातायातका आयोजना पहिचान, अध्ययन र विकास,
- आधारभूत यातायात नीति र मापदण्ड,
- मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तरराष्ट्रीय संघसंस्थासंग सन्धि, समझौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समुहको हाइवे र रेलवे उपसमूहको सञ्चालन

## १.७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका निकायहरु






# २. मन्त्रालयको सांगठनिक संरचना र कार्यविवरण

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा माननीय मन्त्रीज्यू र सचिवज्यूको सचिवालयहरु, ४ वटा महाशाखा तथा ११ वटा शाखाहरु छन । मन्त्रालयको संगठन निम्नानुसार प्रस्तुत गरिएको छ ।




कूल दरवन्दी संख्याः ७५

अनुसूची-१.१

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको संगठन संरचना




**एकनारायण अर्याल**
**सचिव**

**यस मन्त्रालय अन्तर्गतका महाशाखा तथा शाखाहरुको मुख्य - मुख्य कार्यहरु निम्नानुसार छन् ।**

## २.१. प्रशासन महाशाखा

- मन्त्रालय तथा अन्तर्गत सबै निकायहरुमा काम सुचारु रुपले सञ्चालन गर्न संगठनात्मक स्वरुप तथा कार्य प्रक्रिया सम्बन्धी अध्ययन विश्लेषण गरी नीतिगतरुपमा राय पेश गरी स्वीकृत भई आए बमोजिमको व्यवस्था गर्ने ।
- मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुमा आवश्यक जनशक्तिको व्यवस्थाको क्रममा दरबन्दी सिर्जना, रिक्तपद पूर्ति सम्बन्धमा कार्य गरी पेश गर्ने ।
- मन्त्रालयको प्रचलित ऐन, नियम, नीति, अध्ययन गरी संशोधन/परिमार्जन गर्नुपर्ने भएमा राय सहित पेश गर्ने।
- मन्त्रालय र अन्तर्गत निकायहरुका कर्मचारीहरु, कर्मचारी प्रशासन सम्वन्धी पेश भएका फाइलहरुमा राय सहित सचिव समक्ष पेश गर्ने र निर्णयानुसार कार्यहरु सम्पादन गर्ने/गराउने ।
- मन्त्रालयको लागि बजेट माग गर्ने, केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखा सञ्चालन र लेखा परीक्षणको व्यवस्था गर्न लगाउने ।
- विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरुबाट माग भएको परामर्शमा राय दिने वा आवश्यकता अनुसार राय सहित पेश गरी निर्णयानुसार जानकारी दिने व्यवस्था मिलाउने ।
- मन्त्रालयलाई आवश्यक बजेट, भौतिक सामग्री र जनशक्तिको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
- महाशाखा बीच समन्वय कायम गर्ने र शाखा/महाशाखाबाट भइरहेको कामहरुको समन्वय र सुपरीवेक्षण गर्ने/गराउने ।
- अधिनस्थ कार्यको प्रगति विवरण तयार गराई आवश्यक निर्देशन दिने र सचिव समक्ष राय सहित पेश गर्ने।
- स्वदेशी तथा बिदेशी तालिम सम्बन्धी मनोनयनमा, छात्रबृति वितरण आदि पेश भएका विषयहरुमा प्रचलित ऐन, नियम, परिपत्र र कायम भएको नीति बमोजिम गर्ने/ गराउने ।
- बेरुजु फछ्र्यौट गतिविधि सम्बन्धमा रेखदेख गरी आवश्यक निर्देशन दिने ।
- तोकिए बमोजिमको रकमान्तर, खर्चको स्वीकृति, ठेक्कापट्टा सदर बदर, लिलाम-बिक्री र मिनाह सम्बन्धी कार्यहरु गर्ने ।
- स्टोर निरीक्षण गराउने र प्राप्त प्रतिवेदन अनुरुप आवश्यक कारवाही अगाडि बढाउने ।
- आफ्नो महाशाखा अन्तर्गतका विषयमा मन्त्रिपरिषद्मा पेश हुने प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने ।
- भौतिक सामग्री, भवन, सवारी साधन आदिको संरक्षण, मर्मत, संभार गरी यसको रेखदेख, नियन्त्रण र समन्वय समेत गर्ने ।
- अधिनस्थ कर्मचारीको काममा मार्गदर्शक भूमिका निर्वाह गरी कर्मचारीहरुको सुपरीवेक्षण र आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने ।

### २.१.१. आन्तरिक व्यवस्थापन शाखा

- कर्मचारीहरुको आन्तरिक खटन पटन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालयको लागि आवश्यक परिवहन एवं सञ्चार संयन्त्रको व्यवस्थापन गर्ने ।
- मन्त्रालयको लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद, भण्डारण, आपूर्ति, मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रीको व्यवस्था गर्ने ।
- मन्त्रालयको सुरक्षा तथा सरसफाईको प्रबन्ध गर्ने ।
- मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालित आयोजनाहरुको लागि स्थायी र विकास तर्फको दरवन्दी सिर्जना तथा करारमा कर्मचारी भर्ना सम्बन्धी कार्य गर्ने ।
- कर्मचारी बैठक आयोजना गर्ने र सोको निर्णय कार्यान्वयन गर्ने/गराउने ।
- कर्मचारीहरुको पुरस्कार र दण्ड सम्बन्धी कार्य गर्ने/गराउने ।
- उजुरी सम्बन्धी कार्यहरू गर्ने ।

- सम्पत्ती विवरण सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको सबै कर्मचारीहरु र यस मन्त्रालय अन्तर्गतका राजपत्राङ्कित अधिकृतहरुको कार्य सम्पादन मूल्याङकन सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको वेब पेज अद्यावधिक गरी system maintain गर्ने/गराउने ।

२.१.२. <u>कर्मचारी प्रशासन शाखा</u>

- मन्त्रालय वा अन्तर्गत कार्यालयहरुको आवश्यक जनशक्तिको संख्या निर्धारण गरी नपुग भएमा प्रकृया पूरा गरी निर्णय बमोजिम सम्बन्धित निकायहरुमा सहमतिको लागि लेखी पठाउने ।
- नेपाल सरकारको निर्णय बमोजिम स्वीकृत दरबन्दीहरु निजामती कितावखानामा दर्ता गराउने ।
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको पद पूर्तिको लागि सम्बन्धित निकायमा माग गर्ने र पद पूर्तिको लागि नियमानुसार छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन गर्न कारवाही चलाई स्वीकृति भए बमोजिम गर्ने ।
- मन्त्रालय अन्तर्गत कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, तालिम, पुरस्कार, राजिनामा वा अन्य कर्मचारी प्रशासन सम्बन्धी पेश भएका बिषयहरुको आधिकारिक राय सहित पेश गरी निर्णय बमोजिमको कार्य गर्ने/गराउने ।
- आवश्यकता अनुसार विभागीय कारबाही सम्बन्धी कारबाही शुरु गर्ने र निर्णयानुसार कारबाही गर्ने वा सम्वन्धित निकायमा लेखी पठाउने ।
- मन्त्रालय वा अन्तर्गतका पदाधिकारीहरुलाई निमित्त, कायम मुकायम, काज सम्बन्धी कारबाही गरी निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाउने ।
- मन्त्रालयको राजपत्राङ्कित तथा राजपत्र अनङ्कित सम्पूर्ण कर्मचारीहरुको विवरण तथा दरबन्दी अभिलेख अद्यावधिक राख्ने ।
- मन्त्रालयका कर्मचारी सरुवा भइ अन्यत्र गएमा व्यक्तिगत फाईल सम्वन्धित कार्यालयमा पठाउने ।
- मन्त्रालय वा अन्तर्गत कार्यालयका कर्मचारीहरुको हाजिरी, गयल, बिदा रेकर्डको अभिलेख अद्यावधिक राख्न लगाउने ।
- अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने ।
- विदेशी छात्रवृत्ति र अध्ययन भ्रमणका लागि उम्मेदवार छनौट गर्न निर्णयार्थ पेश गर्ने ।
- विदेशमा अध्ययन वा तालिममा जाने, फर्कने व्यक्तिहरुको विवरणहरु दुरुस्त राख्ने, राख्न लगाउने ।

२.१.३. <u>आर्थिक प्रशासन शाखा</u>

- मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयार गरी पेश गर्ने ।
- अख्तियारी बाँडफाँड सम्बन्धमा पेश गर्ने ।
- स्वीकृत विनियोजन बमोजिम बजेट खर्चका लागि पेश गर्ने ।
- धरौटी राजस्व सम्बन्धी विवरण अद्यावधिक राख्ने ।
- केन्द्रीय लेखा तयार गर्ने ।
- लेखा परीक्षण गराउने ।
- मातहत निकायको आर्थिक प्रशासन सम्बन्धी कार्यको अनुगमन गर्ने ।
- बेरुजुको अभिलेख राख्ने र बेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने ।
- शाखासँग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने ।

२.१.४. <u>कानुन तथा फैसला कार्यान्यवन शाखा</u>

- ऐन, नियम, गठन आदेश, विनियमको मस्यौदा तयार गर्ने, मस्यौदा परिमार्जन गर्ने र आवश्यक कार्यको लागि अघि बढाउने ।
- विभिन्न विषयमा मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयहरूलाई आवश्यक कानुनी राय परामर्श दिने ।

- मन्त्रालयको तर्फबाट लिखित जवाफको मस्यौदा एवं प्रतिउत्तर तयार गर्ने ।
- कानुनी प्रतिरक्षाको कारवाही गर्ने ।
- मन्त्रालयको तर्फबाट गरिने वार्ता, सम्झौता आदिमा सहभागी हुने, वार्ताका बुँदा तयार गर्ने, सम्झौताको मस्यौदा परिमार्जन गर्ने ।
- मन्त्रालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशन गरिने सूचनाहरुको मस्यौदा तयार गरी परिमार्जन सहित सम्पादनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।
- सम्पादित सूचनाहरु प्रकाशनका लागि मुद्रण विभागमा पठाउने ।
- अदालतबाट भएका फैसला कार्यान्वियन सम्बन्धी कार्य गर्ने ।

२.२. <u>योजना अनुगमन तथा मूल्याङकन महाशाखा</u>

- विकास आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङकन सम्बन्धी कार्य गर्ने ।
- विकास सम्बन्धी नीति तर्जुमा गर्ने ।
- विकास आयोजनाहरुको प्रगति समीक्षा गर्ने ।
- आयोजनाहरुको निरीक्षण गर्ने ।
- क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- वैदेशिक सहयोगबाट सञ्चालित आयोजना सम्बन्धमा गुणस्तर तथा वैदेशिक सहयोग महाशाखासँग समन्वय गर्ने।
- प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- वातावरण संरक्षण, लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संघ संस्था सम्बन्धी कार्यको समन्वय गर्ने ।
- मन्त्रालयको प्रवक्ता र सूचना अधिकारी सम्वन्धी काम गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- आयोजना तर्जुमाको सिलसिलामा अन्य निकायहरुसँग समन्वय गर्ने।

२.२.१. <u>योजना शाखा</u>

- विकास सम्बन्धी नीति निर्धारण कार्यमा सहयोग गर्ने ।
- विकास आयोजना तर्जुमा गर्न सघाउने ।
- योजना स्वीकृतार्थ पेश गर्ने ।
- क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।
- योजनाको दुरुस्त अभिलेख राख्ने ।
- विकास नीति तथा योजना तर्जुमाका सिलसिलामा अन्तर्गतका अन्य निकायहरुसँग समन्वय गर्ने।

२.२.२. <u>अनुगमन तथा मूल्याङकन शाखा</u>

- आयोजना कार्यन्वयनको निरीक्षण गर्ने ।
- आयोजनाहरुको अनुगमन गर्ने ।
- विकास आयोजनाहरुको प्रगति समीक्षा गर्न सहयोग गर्ने ।
- मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- मन्त्रालयको प्रगति विवरण प्रकाशन गर्ने ।
- सहायक सूचना अधिकारी तथा सहायक प्रवक्ता सम्वन्धी कार्य गर्ने ।
- सुशासन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

२.२.३. <u>वातावरण तथा सामाजिक शाखा</u>

- वातावरण संरक्षण सम्बन्धी नीति योजना तर्जुमा गर्ने ।
- सामाजिक लैङ्गिक समावेशीकरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।
- वातावरण सम्बन्धी संघ संस्थाहरुसंग सम्पर्क र समन्वय गर्ने ।

- वातावरणीय प्रभाव मूल्याङकन सम्बन्धी कार्य गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्य गर्ने ।
- संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्य गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने ।
- वातावरण संरक्षण/लैङ्गिक समावेशीकरण तथा विपद् व्यवस्थापन विषयमा अन्तर्गत तथा अन्य निकायहरुसँग समन्वय गर्ने।

## २.३. पूर्वाधार निर्माण तथा यातायात महाशाखा

- स्थलमार्ग, जलमार्ग, रेलवे तथा यातायात व्यवस्था सम्बन्धी आयोजनाहरु सम्बन्धित निकाय तथा महाशाखाहरुसँग समन्वय गरी आयोजनाको निर्माणमा आवश्यक समन्वय गर्ने/गराउने ।
- मन्त्रालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्राविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तरबारे पृष्टपोषण लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने /गराउने ।
- नेपाल ईन्जिनियरिङ परामर्श सेवा, नेशनल कन्स्ट्रक्शन कम्पनी तथा नेपाल मल्टीमोडल ट्रान्जीट र ट्रेड विकास समिति सम्बन्धमा आवश्यक समन्वय गर्ने गराउने ।
- आवश्यकता अनुसार यस सम्बन्धी ऐन, नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नको लागि राय प्रतिक्रिया पेश गर्ने ।
- नेपाल इन्जिनियरिङ काउन्सिल तथा नेपाल इन्जिनियर्स एशोशियसन सम्बन्धी सम्पर्क र समन्वय गर्ने ।

### २.३.१. यातायात व्यवस्था शाखा

- यातायात सेवा तथा परिवहन व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा नीति तथा योजना सम्बन्धी कार्यहरु गर्ने ।
- यातायात व्यवस्था सम्बन्धी निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने ।
- यातायात सेवा व्यवस्थापन सम्बन्धमा अनुगमन र निरीक्षण गर्ने ।
- स्थलमार्गमा चल्ने सवारी साधनको अभिलेख व्यवस्थापन गर्ने ।
- वातावरण मैत्री सवारी साधन सम्बन्धमा अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने।
- सवारी प्रदूषण र प्राविधिक पक्षमा सुधार सम्बन्धी कार्य गर्ने ।
- छिमेकी राष्ट्रहरुसँग यातायात सेवा सम्बन्धमा समन्वय गर्ने।

### २.३.२. सडक तथा जल यातायात शाखा

- स्थलमार्ग, जलमार्ग र रेल निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धानमा समन्वय गर्ने।
- नेपाल ईन्जिनियरिङ परिषद् सम्बन्धी कार्य गर्ने ।
- मल्टीमोडल ट्रान्जीट सम्बन्धित विषयमा माथिल्लो निकायसँग सहयोग लिइ कार्य सम्पादन गर्ने ।

### २.३.३. रेल्वे व्यवस्था शाखा

- रेलमार्ग निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धान समन्वय गर्ने ।
- रेलमार्ग सम्बन्धी निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने ।
- आवश्यकता अनुसार रेलमार्ग निर्माण तथा सञ्चालन सम्बन्धी ऐन, नियम तर्जुमा तथा हेरफेर सम्बन्धी कार्य गर्ने ।
- रेलमार्ग सम्बन्धी आयोजनाहरुको पहिचान सम्बन्धी कार्य गर्ने ।
- रेल सञ्चालनको अनुगमन तथा नियमन गर्ने ।

## २.४. विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा

- वैदेशिक ऋण, अनुदान सहयोगबाट सञ्चालन हुने आयोजनाहरुको योजना तर्जुमा, संभाव्यता अध्ययन, तालिम तथा कार्यन्वयनका विभिन्न पक्षमा सम्बन्धित निकाय तथा महाशाखाहरुबाट राय परामर्श प्राप्त गर्ने, विदेशी प्रतिनिधिहरुसँग सम्पर्क तथा समन्वय गर्ने र सचिवज्यूमा राय पेश गर्ने र निर्देशानुसार MOU सम्वन्धी कार्य गर्ने तथा अन्य महाशाखा तथा वैदेशिक संस्थाहरुसँग समन्वय र पत्राचारगर्ने ।
- विभिन्न चालु आयोजनाहरु तथा पूरा भइसकेका आयोजनाहरु समेतको तेस्रो पक्षीय परीक्षण (Third Party Audit) नियमित रुपमा गर्ने / गराउने र प्राविधिक पक्ष र लगानीको प्रभावकारिता पक्ष लगायत समष्टिगत गुणस्तर बारे पृष्टपोषण एवं सुधारका पक्षमा ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने तथा निर्देशानुसार कारवाही अगाडि बढाउने ।
- सार्वजनिक निर्माण निर्देशिका (Public Works Directive) तयार गर्ने र नियमित रुपमा प्रकाशन तथा वितरण गर्ने/गराउने ।
- निर्माण व्यवसाय विकास परिषद् र कार्यान्वयन समिति सम्वन्धी काम गर्ने र निर्माण व्यवसायी विकास ऐन बमोजिमका कामहरु गर्ने/गराउने ।
- मन्त्रालय अन्तर्गतका सार्वजनिक पूर्वाधार संरचनाहरुको निर्माण सञ्चालन तथा हस्तान्तरण (BOT) प्रक्रियामा निजी क्षेत्रलाई संलग्न गराउने सम्बन्धी सचिवालयहरुको स्थापना तथा सुदृढीकरण गर्ने, योजना पहिचान तथा अध्ययन गर्ने/गराउने र नेपाल सरकारको स्वीकृत नीति बमोजिमका काम कारवाही गर्न मन्त्रालयको Focal Point को रुपमा काम गर्ने । सार्वजनिक निर्माण कार्यको गुणस्तर तथा पुर्वाधार संरचना सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने/गराउने तथा मापदण्ड निर्धारण सम्बन्धी कार्य गर्ने/गराउने ।
- सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी कार्यहरु गर्ने/गराउने ।
- वैदेशिक सहयोग तथा ऋणसँग सम्बन्धित सबै पक्षमा यस मन्त्रालयको नीति निर्देशन अनुसार अर्थ मन्त्रालयसँग सम्पर्क महाशाखाको हैसियतले कार्य गर्ने/गराउने ।

### २.४.१. विकास सहायता समन्वय तथा गुणस्तर शाखा

- मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजना सम्वन्धी नीति निर्धारण सम्बन्धी कार्य गर्ने।
- वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनाहरुको पहिचान सम्बन्धी कार्य गर्ने ।
- सार्वजनिक निजी लगानी सम्बन्धी नीति योजना सम्बन्धी कार्य गर्ने ।
- निर्माण कार्यको गुणस्तर तथा मापदण्ड निर्धारण र अनुसन्धान गर्ने/ गराउने ।

### २.४.२. निर्माण व्यवसाय प्रवर्द्धन शाखा

- निर्माण व्यवसाय इजाजतपत्र दर्ता सम्बन्धमा सम्बन्धित निकायमा पेश गर्ने ।
- इजाजतपत्र नवीकरण सम्बन्धी कार्य गर्ने ।
- इजाजतपत्रको अद्यावधिक लगत राख्ने ।
- निर्माण व्यवसायी कोष सम्बन्धी कार्य गर्ने ।
- निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति सम्वन्धी कार्य गर्ने ।
- निर्माण व्यवसाय सम्बन्धी संघ संस्थासँग सम्पर्क एवं समन्वय गर्ने ।

# ३. मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय

## ३.१. सडक विभाग

वि.सं. २००७ सालभन्दा अगाडि बाटोकाज गोश्वाराबाट सडकको एउटै मात्र लेन भएका ढुङ्गा छापेका भिमफेदी अमलेखगंज सडक, बुटवल भैरहवा सडक, राजधानी र तराईका केही शहरहरुमा ईट्टा र ढुङ्गाले छापेका सडक निर्माण तथा मर्मत कार्य गरिन्थ्यो । वि.सं. २०१४ सालमा सार्वजनिक निर्माण विभाग (Public Work Department) स्थापना भयो । भारत सरकारको सहयोगमा काठमाडौं-भैसे (भिमफेदी-अमलेखगञ्ज सडकमा पर्ने) सडक निर्माण गरी मोटरबाटो भारतसँग जोडियो । हेटौडा-नारायणगढ सडक वि.सं. २०१५ सालमा निर्माण गरी पूर्व-पश्चिम राजमार्गको मध्य भागमा यातायात सञ्चालन भयो ।

उत्तर-दक्षिण व्यापारिक मूल बाटोलाई यातायात सञ्चालन गर्ने उद्देश्यले वि.सं. २०१४ सालमा Road Transport Organization (RTO) स्थापना गरियो । RTO योजना PWD अन्तर्गत नभई छुट्टै योजनाको रुपमा स्थापना भयो । उक्त योजना वि.सं. २०१८ सालमा बन्द गरियो ।

वि.सं. २०१८ सालमा PWD द्वारा पूर्व-पश्चिम राजमार्ग निर्माण गर्ने कार्य तर्जुमा भई निर्माण कार्य शुरु भयो । वि.सं. २०२४ सालमा पहिलो दीर्घकालीन सडक योजना तर्जुमा अघि बढाईयो साथै वि.सं. २०२७ सालमा PWD बाट भवन विभाग छुट्टिएर सडक विभाग नामांकरण गरी नयाँ विभाग स्थापना भयो। सोही सालबाट राजमार्ग तथा सहायक राजमार्गको अवधारणा अनुरुप सडक निर्माण कार्य अघि बढाइयो । यससँगै सहायक राजमार्गहरुको निर्माण कार्य तीव्र रुपमा वि.सं. २०३८ सालबाट अघि बढाइयो ।

वि.सं. २०५१ सालमा मुलुकभर रणनैतिक सडक सञ्जाल (Strategic Road Network-SRN) लाई १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्गहरुमा विभाजन गरी सडक विभागबाट निर्माण तथा मर्मत सम्भार कार्य अगाडि बढाइयो । सोही समयदेखि विभिन्न दातृसंस्थाहरु- एशियाली विकास बैंक, विश्व बैंक र JICA को सहयोगमा सामरिक महत्वका सडकहरुलाई निर्माण/मर्मत सम्भार गर्ने कार्य अघि बढाईयो ।

वि.सं. २०५३ साल देखि रणनैतिक सडक सञ्जाल (SRN) मा परेका सडकहरुलाई निर्माण तथा मर्मत सम्भारको प्रभावकारी रुपमा निरन्तरता दिन प्राथमिक लगानी योजना (PIP) तथा २० बर्षे सडक योजना तर्जुमा गरी कार्य आरम्भ गरियो । वि.सं. २०५८ साल देखि रणनैतिक सडकहरुलाई अझ प्रभावकारी एवं व्यवस्थित गर्न भौगोलिक सूचना प्रणाली (GIS) मा आवद्ध गरियो । पूर्वाधार विकासका लागि सडक यातायातको महत्व अत्यन्त नै बढी भएको कुरा सडक विकासका लागि जनता र जनप्रतिनीधिहरुबाट भइरहेको मागबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

नवौं पञ्चवर्षीय योजनामा यातायात क्षेत्र, सडक उपक्षेत्रको मूल लक्ष्यको रुपमा "कूल यातायात खर्च न्यूनतम राख्ने" भन्ने निर्धारण गरिएको थियो । उक्त लक्ष्य प्राप्त गर्नका लागि सडक विभागले "देश भित्र तथा वाह्य क्षेत्र सँगको सम्पर्क वृद्धि गरी सडक पहुँच नपुगेका क्षेत्रमा पहुँच पुर्याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा संभार कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्ने" उद्देश्य निर्धारण गरेको थियो । सडक विभागको रणनीति पत्र (The DoR Strategy 1995) मा नेपाल सरकारको सडक उपक्षेत्रको नीतिलाई व्यावहारिक रुपमा लागू गर्ने निकायको रुपमा सडक विभागका कार्यहरु निम्नानुसार परिभाषित गरिएको छ ।

- देशको यातायात सेवाको आवश्यकता पूरा गर्ने गरी सामारिक महत्वका सडक सञ्जाल (Strategic Road Network, SRN) को निर्माण गर्ने,

- निश्चित स्तरको सेवा प्रदान हुने गरी सडक सञ्जालको संभार गर्ने, र
- पैदल यात्रु लगायत सम्पूण सडक प्रयोगकर्तालाई सडक प्रयोगमा यथोचित सुरक्षा प्रदान गर्ने ।

भरपर्दो एवं वातावरणमैत्री राष्ट्रिय सडक सञ्जालको निर्माण तथा स्तरोन्नतिद्वारा यातायात सुविधाको विकास गरी क्षेत्रीय तथा सामाजिक असन्तुलनमा कमी ल्याउन एवं उच्च तथा दिगो आर्थिक वृद्धिद्वारा गरिबी न्यूनीकरण गर्न सहयोग पुर्याउने तथा सडक सम्पत्तिको संरक्षण गरी दिगो, भरपर्दो र सुरक्षित सडक यातायात सेवा सञ्चालन गर्ने उद्देश्य लिई सडक विभागले निरन्तर रुपमा कार्य गर्दै आएको छ । नेपालको संविधानले "राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन" अनुसूची (५) मा संघको क्षेत्राधिकारमा उल्लेख गरेको छ। संघको जिम्मेवारी अन्तर्गत राष्ट्रिय लोकमार्ग मात्र रहेको हुँदा राष्ट्रिय लोकमार्गको संख्या र क्षेत्र पुनरावलोकन गर्दै मिति २०७६/०२/०६ मा ८० वटा राष्ट्रिय लोकमार्गको सूची मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई कार्यान्वयन भइरहेको अवस्था छ ।

## ३.२. रेल विभाग

नेपाल सरकारको २०६८।०३।०१ को मन्त्रिपरिषद्को निणर्यबाट, तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत नेपालमा रेल तथा मेट्रो यातायातको पहिचान, विकास, निर्माण, विस्तार, एवं सञ्चालनको लागि रेल विभागको स्थापना भएको हो। हाल रेल विभागबाट नेपाल सरकारको लगानीमा पुर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजनाको निर्माण कार्य भईरहेको छ भने काठमाण्डौ उपत्यका मेट्रोरेल आयोजना र काठमाण्डौ पोखरा रेलमार्ग आयोजनाको अध्ययन कार्य भैरहेको छ। साथै, भारतीय सरकारको सहयोगमा विरगंज-काठमाण्डौ विद्युतीय रेलमार्ग योजनाको अध्ययन कार्य भईरहेको छ र नेपाल भारत अन्तर्राष्ट्रिय नाका जोड्ने रेल मार्ग योजना (Indo-Nepal Cross-Border Railways) अन्तर्गत जयनगर जनकपुर विजलपुरा सम्म कुल ५२ किमि खण्डमा निर्माण कार्य सम्पन्न भइ रेल सेवा संचालनमा रहेको छ भने विजलपुरा बर्दिवास (१७ किमि) खण्डमा जग्गा प्राप्तिको कार्य भइरहेको छ । बथनाहा विराटनगर रेलमार्ग १८ किमि मध्ये १० किमि रेलमार्ग निर्माण सम्पन्न भई नेपाल कस्टम यार्ड सम्म कार्गोरेल सेवा संचालनमा रहेको छ। चीन सरकारको सहयोगमा केरूङ्ग काठमाण्डौं विद्युतीय रेलमार्ग योजना र काठमाण्डौ पोखरा रेलमार्ग तथा काठमाण्डौं लुम्बिनी रेलमार्गको अध्ययन कार्य भैरहेको छ । भारतीय सरकारको सहयोगमा रक्सौल — काठमाण्डौ रेलमार्गको Final Location Survey (FLS) प्राप्त भई अध्ययनका क्रममा रहेको छ।

## ३.३. यातायात व्यवस्था विभाग

नेपालमा राजमार्गहरुको निर्माण भइ नसकेको तत्कालीन अवस्थामा अमलेखगन्ज, भैंसे, भीमफेदी, चन्द्रागिरी हुँदै मानिसले बोकेर ल्याई वि.सं. १९९६ सालदेखि काठमाडौं उपत्यकामा मोटर संचालनको सुरुवात भएको पाइन्छ। यातायातको विकासको क्रममा खास गरी त्रिभुवन राजपथको निर्माण पछि भएका सडकको विस्तारसँगै भाडाका सवारीको सञ्चालन व्यावसायिक रुपमा भएको पाइन्छ ।

भौगोलिक तथा आर्थिक कारणले पनि नेपालमा अन्य यातायात भन्दा सडक यातायातको महत्वपूर्ण भूमिका रहदै आएको छ । यातायात सेवा आधारभूत आवश्यकता बन्दै गएको सन्दर्भमा यातायात व्यवस्था व्यवस्थित गर्न बि.सं. २०१७/१८ सालदेखि भाडाका सवारीबाट इजाजत दस्तुर लिन सुरु गरियो । साथै, सवारी ऐन, २०२० जारी भइ तत्कालीन अञ्चलाधीश कार्यालयबाट रुट इजाजत दिने र सवारी दस्तुर लिने कार्य सुरु भएको पाइन्छ ।

सवारी तथा यातायातको कार्य व्यवस्थित रुपले सञ्चालन गर्ने सिलसिलामा राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ बमोजिम २०४१ साल वैशाखमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत यातायात व्यवस्था विभागको गठन भएको हो। ऐनको व्यवस्था अनुसार यातायात व्यवस्थापनको कार्य गर्ने जिम्मेवार निकायको रुपमा यो विभाग रहेको छ ।

सुरुमा विभागको गठनसँगै धौलागिरी र कर्णाली अञ्चल बाहेक १२ अँचलमा यातायात व्यवस्था कार्यालयहरु स्थापना भए । ती कार्यालयहरुले तत्कालीन स्थितिमा भाडाका सवारी साधनहरुलाई इजाजत दिने कार्य गर्थे । मिति २०४६/१/२८ को मन्त्रिपरिषदको निर्णयबाट प्रहरी कार्यालयबाट हुने गरेका सवारी साधन दर्ता, सवारी दर्ता प्रमाणपत्र नवीकरण, सवारी जाँचपास सम्बन्धी कामहरु यातायात व्यवस्था कार्यालयहरुलाई सुम्पिएको देखिन्छ ।

प्रचलित ऐन नियममा समसामयिक सुधार गरी लागु गर्ने सिलसिलामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ जारी भएको छ । निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत रही आएको यातायात व्यवस्था विभाग तथा यस अन्तर्गतका कार्यालयहरु बि.सं. २०५७ सालमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयको स्थापनापछि यस अन्तर्गत सारियो । बि. सं. २०६० मार्ग १ गतेदेखि साविकमा प्रहरीले सँचालन गर्दै आएको सवारी चालक अनुमति पत्र सम्बन्धी कामहरु यातायात व्यवस्था कार्यालयहरुको जिम्मेवारीमा सारियो । बि. सं २०६९ जेष्ठ ५ को निर्णय अनुसार यस विभाग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेको छ।

नेपालको संविधान २०७२ ले नेपालको राजकीय सत्ताको मुलभुत संरचनालाई संघीय प्रणाली मार्फत शासकीय अधिकारहरु संघ, प्रदेश र स्थानीय तहमा काम कर्तव्य र अधिकारहरुको विन्यास गरेको छ। नेपालको संविधान २०७२ को अनुसूची — ५ मा संघको अधिकार अन्तर्गत यातायत क्षेत्रका सन्दर्भमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन भनि उल्लेख गरिएको छ । यातायात क्षेत्रका सन्दर्भमा अनुसूची-६ अन्तर्गत प्रदेशको अधिकार सूचीमा प्रदेश स्तरको परिवहन, प्रदेश लोकमार्ग समावेश गरिएको छ। सोही अनुसार नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५।०८।२० गतेको निर्णयानुसार यातायात व्यवस्था कार्यालयहरु र यातायात व्यवस्था सेवा कार्यालयहरु मिति २०७५।०८।२८ गते देखि तत् तत् प्रदेशका मुख्य मन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय मार्फत तत् तत् सम्बन्धित मन्त्रालयमा हस्तान्तरण भईसकेको छ ।

### ३.४. <u>नेपाल पानीजहाज कार्यालय</u>

मुलुकभित्र जलस्रोत उपयोगको अपार संभावना रहेको सन्दर्भमा जलयातायातको पहिचानले यातायात क्षेत्रको समग्र विकासमा एउटा नयाँ आयाम थपेको छ। यसले जल यातायातलाई अन्य यातायात सेवासँग परिपुरक हुने गरी विकास गर्नुपर्ने देखिन्छ। नेपालमा आन्तरिक तथा अन्तरदेशीय यातायात सञ्चालनमा जल यातायात दरिलो विकल्पको रुपमा विकास हुनसक्ने देखिन्छ। तेस्रो मुलुकहरुसँग गर्ने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुन्द्रसम्मको पहुँचमा सहजता आउने, नेपालमा दर्ता भएका व्यापारिक पानी जहाज समुन्द्रमा संचालन गर्दा नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने सामानहरुको ढुवानी अझ सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित हुन सक्ने र ढुवानी मूल्य घट्न जाने थप सम्भावनाहरु देखापरेका छन्। सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित जल यातायातको संचालनले देशको प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि हुने, व्यवसाय खर्चमा कमी आउने, रोजगारीमा बृद्धि हुने, आन्तरिक पर्यटनमा सघाउ पुग्नुका साथै कूल गार्हस्थ उत्पादनमा सकारात्मक योगदान पुग्न सक्ने देखिन्छ ।

सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित जल यातायात संचालनको लागि नीतिगत व्यवस्था तथा अन्तरराष्ट्रिय महासन्धि, अभिसन्धि, सम्झौता तथा मापदण्ड अनुरुप जल यातायात संचालन हुने गरी आवश्यक कानून निर्माण गर्नु, पूर्वाधार निर्माणको लागि लगानी जुटाउनु, उपयुक्त संस्थागत संरचनाको विकास गर्नु, आवश्यक प्रविधि र जनशक्तिको उत्पादन तथा व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन्।

समुन्द्रमा नेपाली पानी जहाज संचालन गर्न अन्तरराष्ट्रिय महासन्धिले अधिकार प्रदत्त गरेको अवस्था विद्यमान रहनु, छिमेकी मुलुकहरुले आ-आफ्नो आन्तरिक जलमार्ग प्रवर्द्धन गर्न प्राथमिकताका साथ काम अगाडि बढाउनु, क्षेत्रीय स्तरमा जल यातायात संजाल कायम गर्न इच्छुक रहनु, कोशी, गण्डकी, कर्णाली लगायतका नदीहरुमा जल यातायात

विकासको सम्भावना रहनु, नेपालको समुन्द्रसम्म पहुँचको लागि वैकल्पिक यातायात विकासको संभावनाकाको रुपमा रहनु, ठूला नदी प्रणालीमा बहु-उद्देश्यीय अग्ला बाँधको निर्माण राष्ट्रिय प्राथमिकतामा रहनु, पानी जहाज व्यवसाय संचालन गर्न नेपाली लगानी लगानीकर्ताहरु इच्छुक देखिनु, पर्यटकीय जलयात्राको उच्च सम्भावना रहनु प्रमुख अवसरहरु हुन्।

उल्लिखित परिप्रेक्षमा मन्त्रिपरिषद्को २०७५/०९/०९ को निर्णयानुसार यस नेपाल पानीजहाज कार्यालयको स्थापना भएको र सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस कार्यालयको मिति २०७५/११/२ मा उद्घाटन भएको थियो ।

## ४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गत निकायहरुको स्वीकृत दरवन्दी विवरण

### ४.१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

| सि.नं | पदको नाम | श्रेणी | सेवा | समुह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | | | | १ |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | १ |
| ३. | सहसचिव | रा.प.प्रथम (प्रा.) | इन्जिनियरिङ | सिभिल | हाइवे | ३ |
| ४. | उपसचिव | रा.प.द्बितीय | प्रशासन | सा.प्र. | | ५ |
| ५. | उपसचिव लेखा | रा.प.द्बितीय | प्रशासन | लेखा | | १ |
| ६. | उपसचिव (कानून) | रा.प.द्बितीय | न्याय | कानून | | १ |
| ७. | सिनियर डिभिजन इन्जिनियर | रा.प.द्बितीय (प्रा.) | इन्जिनियरिङ | सिभिल | हाइवे | ५ |
| ८. | सिनियर डिभिजन इन्जिनियर (मेकानिकल) | रा.प.द्बितीय (प्रा.) | इन्जिनियरिङ | मेकानिकल | जनरल | १ |
| ९. | वरिष्ठ समाजशास्त्री | रा.प.द्बितीय (प्रा.) | विविध | | | १ |
| १०. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| ११. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | ७ |
| १२. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १३. | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय (प्रा.) | विविध | | | १ |
| १४. | कम्प्यूटर अधिकृत | रा.प.तृतीय (प्रा.) | विविध | | | १ |
| १५. | इन्जिनियर | रा.प.तृतीय (प्रा.) | इन्जिनियरिङ | सिभिल | हाइवे | ५ |
| १६. | मेकानिकल इन्जिनियर | रा.प.तृतीय (प्रा.) | इन्जिनियरिङ | मेकानिकल | जनरल | १ |
| १७. | समाजशास्त्री | रा.प.तृतीय (प्रा.) | विविध | | | १ |
| १८. | नायब सुब्बा | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | | ७ |
| १९. | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | | २ |
| २०. | कम्प्यूटर अप्रेटर | रा.प.अनं.प्र (प्रा.) | विविध | | | २ |
| २१. | खरिदार | रा.प. अनं.द्वि | प्रशासन | सा.प्र. | | १ |
| २२. | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मेकानिकल | नि.उ.स. | ८ |
| २३. | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | | १७ |
| **जम्मा** | | | | | | **७५** |

### ४.२. सडक विभाग

सडक विभाग अन्तर्गत स्वीकृत दरवन्दी जम्मा २५०५ जना रहेको छ ।

### ४.३. रेल विभाग

रेल विभाग अन्तर्गत स्वीकृत दरबन्दी जम्मा ३६ जना रहेको छ ।

### ४.४. यातायात व्यवस्था विभाग

यातायात व्यवस्था विभाग अन्तर्गत स्वीकृत दरबन्दी जम्मा ११० जना रहेको छ ।

### ४.५. नेपाल पानीजहाज कार्यालय

नेपाल पानीजहाज कार्यालय अन्तर्गत स्वीकृत दरबन्दी जम्मा १८ जना रहेको छ ।

जम्मा : २७४४

## ५. आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति

### ५.१. वार्षिक विनियोजन र खर्च

| आ.व. २०७९-८० | चालु | पुँजीगत | कुल |
|---|---|---|---|
| विनियोजित बजेट (सुरूको) | ७ अर्ब ७९ करोड १४ लाख | १ खर्ब २३ अर्ब ८० करोड ५४ लाख | १ खर्ब ३१ अर्ब ५९ करोड ६८ लाख |
| विनियोजित बजेट (संशोधन सहित) | ६ अर्ब ८४ करोड ५७ लाख ६९ हजार | १ खर्ब २९ अर्ब ०७ करोड ०२ लाख ५४ हजार | १ खर्ब ३५ अर्ब ९१ करोड ६० लाख २३ हजार |
| वार्षिक खर्च | ६ अर्ब ०८ करोड ०६ लाख २५ हजार | ९४ अर्ब ५२ करोड ७१ लाख ९६ हजार | १ खर्ब ०० अर्ब ६० करोड ७८ लाख २१ हजार |
| **वार्षिक खर्च प्रतिशत (संशोधित बजेटको आधारमा)** | ८८.८२% | ७३.२४% | ७४.०२ % |







नेपाल सरकार तर्फको खर्च करिब ८३ –%

वैदेशिक ऋण तर्फको खर्च करिब ६६ –%

नेपाल सरकार तर्फको खर्च करिब ८३ –%

वैदेशिक ऋण तर्फको खर्च करिब ६६ –%

## ५.२. वार्षिक विनियोजन र खर्च (विभाग अनुसार)

रकम रु हजारमा

| विभाग/ कार्यालय | विनियोजित बजेट (संशोधन सहित) | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गत | १५१७५३.५४९ | ६७९४०० | ८३११५३.५४९ | ११०००८ | ३१६१ | ११३१६९ | ६१.०८% | ४८.०२% | ३२.९३% |
| सडक विभाग र अन्तर्गत | २२९३५१५.४६५ | १०४९७५१५४.१ | १०७२६८६६९.६ | १९५८६६८ | ७२७४६६५७ | ७४७०५३२७ | ८१.३०% | ७६.४३% | ७७.२४% |
| रेल विभाग र अन्तर्गत | ५५५०० | ३७२३१०० | ३७७८६०० | ४५४५९ | २९६१४५९ | ३००६९१८ | ८२.७३% | ७९.६९% | ७९.७५% |
| यातायात व्यवस्था विभाग र अन्तर्गत | ५८७९०० | ७५१३०० | १३३९२०० | २२६३४९ | ६२०५२ | २८८४०० | ६२.०६% | २७.३२% | ५७.७७% |
| नेपाल पानीजहाज कार्यालय | १८४०० | ३१२०० | ४९६०० | १२८४८ | ७०२८ | १९८७५ | ६९.८२% | २२.५२% | ४०.०७% |
| सडक बोर्ड | ३६६५००० | १०००००० | ४६६५००० | ३६६५००० | ९३९३११ | ४६०४३११ | १००% | ९३.९३% | ९८.७% |
| काठमाण्डौ-तराई/मधेश फाष्ट ट्र्याक | ७३७०० | १७९१०१०० | १७९८३८०० | ६२२७९ | १७८०७३४६ | १७८६९६२५ | ८४.५% | ९९.४३% | ९९.३७% |
| **जम्मा** | ६८४५७६९.०१४ | १२९०७०२५४.१ | १३५९१६०२३.१ | ६०८०६११ | ९४५२७०१४ | १००६०७६२५ | ८८.८२% | ७३.२४% | ७४.०२% |

## ५.३. पन्ध्रौ योजनाको नतिजा सुचकमा हासिल प्रगति

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| समष्टिगत लक्ष्य र प्रगति | | | | | | | |
| १ | राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मी. | ५९९४ | ११०९४ | ७६७५ | ११८९४ | ८३५० |
| २ | राष्ट्रिय राजमार्ग (दुई लेनमाथी द्रुतमार्ग समेत) | कि.मी. | ९६ | ७४५ | ३६० | ८९५ | ४४१ |
| ३ | रेलमार्ग (स्तरोन्नति / नयाँ ट्र्याक) | कि.मी. | ४२ | २६० | १२१ | ३४८ | १२७ |
| वार्षिक लक्ष्य र प्रगति | | | | | | | |
| ४ | राष्ट्रिय राजमार्ग (नयाँ ट्र्याक निर्माण, वार्षिक) | कि.मी. | २६० | ४०० | ७० | १५० | १६७ |
| ५ | राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार (वार्षिक) | कि.मी. | ३२० | ७७५ | ५३८ | २५० | ६५१ |
| ६ | राष्ट्रिय राजमार्ग नियमित मर्मत सम्भार (वार्षिक) | कि.मी. | ९१५५ | ७२२५ | ७८२१ | ७८२१ | ७८२१ |
| ७ | सडक पुल निर्माण (वार्षिक) | वटा | ३०० | ३५० | २२२ | १५० | २०२ |

## ५.४. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको कार्यान्वयन प्रगति

| क्र. सं. | बजेट बुँदा (आ.व. २०८०/८१) | बजेटसँग सम्बन्धित प्रगति विवरण (आ.व. २०८०/८१ सम्मको प्रगति) |
|---|---|---|
| १. | ३१३. पूर्व पश्चिम रेलमार्गको बर्दिवास-निजगढ खण्डको निर्माण कार्यलाई | • बर्दिवास निजगढ खण्डको ट्राकवेड निर्माण ७० कि.मि. मध्ये हालसम्म ६५ कि मि निर्माण सम्पन्न भएको छ । |

| क्र. सं. | बजेट बुँदा (आ.व. २०८०/८१) | बजेटसँग सम्बन्धित प्रगति विवरण (आ.व. २०८०/८१ सम्मको प्रगति) |
|---|---|---|
| | निरन्तरता दिइनेछ। वीरगंज- काठमाडौं रेलमार्ग र रसुवागढी- काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ। | • रसुवागढी काठमाडौं रेलमार्गको -Feasibility अध्ययन प्रतिवेदन तयार पार्नको लागि स्थलगत सर्भेक्षणको कार्य भईरहेको छ। |
| २. | २९१. पूर्व पश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्यलाई तीव्रता दिइनेछ। नारायणगढ-बुटवल र कमला-कञ्चनपुर खण्डको विस्तार तथा स्तरोन्नतिको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। कमला -ढल्केवर-पथलैया, बुटवल-गोरूसिङ्गे, काकडभिट्टा- लौकही, पथलैया-नारायणगढ र लमही-भालुवाङ्ग सडक खण्डको स्तरोन्नति शुरू गरिनेछ। नारायणी नदी र तिनाउ नदीमा सिग्नेचर पुल निर्माण शुरू गरिनेछ। पूर्व-पश्चिम राजमार्गको विस्तार तथा स्तरोन्नतिका लागि रु. ३१ अर्ब २ करोड विनियोजन गरेको छु। | • काकरभिट्टा लौकही सडक खण्डको -१५ कि.मि. मा टेवा पर्खाल, कल्भर्ट, माटो फिलिंगको कार्य सम्पन्न भएको, ५ वटा पुलको Foundation कार्य सम्पन्न भएको।<br>• कमला कञ्चनपुर सडकको हाल-५४.८१ कि.मि. (दुई लेनमा) कालोपत्रे निर्माणको कार्य सम्पन्न भएको।<br>• कमला - पथलैया सडक अन्तर्गत कमला-ढल्केवगर-वागमती खण्डकोठेक्का व्यवस्थापन भई सम्झौता भएको छ ।<br>• पथलैयाबाट हेटौंडा नारायणगढ सडक खण्डको-विस्तृत अध्ययन प्रतिवेदन प्राप्त भई अध्ययन पश्चात परामर्शदातालाई राय सुझाब प्रदान गरिएको ।<br>• नारायणगढ बुटवल सडक खण्ड अन्तर्गत हालसम्म-२६.४४१ कि.मि. (चार लेनमा) र २२.१२६ कि.मि. (दुई लेनमा) कालोपत्रे निर्माणको कार्य सम्पन्न भएको।<br>• बुटवल –गोरुसिंगे –चन्द्रौटा खण्ड ४ लेनमा स्तरोन्नति गर्नका लागि ठेक्का व्यवस्थापन भई सम्झौता भएको छ।<br>• नारायणी नदीमा सिग्नेचर पुलको ड्राफ्ट डिजाईन प्राप्त भई स्वीकृतिको चरणमा रहेको । |
| ३. | २९२.मध्यपहाडी राजमार्ग अन्तर्गत पाँचथर, रामेछाप, नुवाकोट, पर्वत, बाग्लुङ, जाजरकोट लगायतका विभिन्न १२ खण्डको निर्माण तथा स्तरोन्नति गर्न रु. ३ अर्ब ९६ करोड बजेट छुट्याएको छु। | • आ ८० को असार मसान्त सम्ममा १४०२/२०७९ .व. .किमिकालोपत्रे सम्पन्न .भएकोमा यस आ मा ५० .व. कालोपत्रे सडक निर्माण भै कुल १४५२ .मि.किकि .मि. कालोपत्रे कार्य भएको ।<br>• आ.व. २०८०/८१ मा थप ४ वटा पुल निर्माण भई कुल १०६ वटा पुल निर्माण सम्पन्न भएको। |
| ४. | २९३.हुलाकी राजमार्ग अन्तर्गत तराइ मधेशका विभिन्न जिल्लाका आठ खण्डको | आ.व. २०८०/८१ को असार महिना सम्म थप ६४ कि.मि. कालोपत्रे निर्माण सम्पन्न भै कुल १२५९ कि.मि. कालोपत्रे निर्माणको कार्य सम्पन्न भएको छ। |

| क्र. सं. | बजेट बुँदा (आ.व. २०८०/८१) | बजेटसँग सम्बन्धित प्रगति विवरण<br>(आ.व. २०८०/८१ सम्मको प्रगति) |
|---|---|---|
| | सडक निर्माण तथा स्तरोन्नति गर्न रु. ३ अर्व ४९ करोड बजेट छुट्याएको छ। | |
| ५. | २९४.मदन भण्डारी राजमार्ग अन्तर्गत इलाम, सुनसरी, गुल्मी, रोल्पा, सुर्खेत, कैलाली र डडेल्धुरा खण्डको निर्माण तथा स्तरोन्नतिका लागि रु. २ अर्व ४१ करोड विनियोजन गरेको छ। | हालसम्म कुल ३२७ कि .व .यस आ) कालोपत्रे सडक .मी. मा२७ किर (.मि. १२७ वटा (मा १९ वटा .व .यस आ) पुलको निर्माण सम्पन्न भएको । रोल्पा, सल्यान, सुर्खेत खण्डको स्तरोन्नतिको लागि बहुबर्षीय ठेक्का सहमतिको लागि राष्ट्रिय योजना आयोग र श्रोत सुनिस्चितताको लागि अर्थ मन्त्रालयमा फाईल पेश भएको। |
| ६. | २९६.राष्ट्रिय सडक सञ्जालसँग जोडिन बाँकी हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई ट्र्याक खोल्ने कार्य सम्पन्न गरी सडक सञ्जालमा जोडिनेछ। कर्णाली कोरिडोर अन्तर्गत खुलालु-सलिसल्ला खण्ड र हिल्सा-सिमिकोट खण्ड निर्माणका लागि रु. ९७ करोड विनियोजन गरेको छु। बाढी पहिरोबाट क्षतिग्रस्त कर्णाली राजमार्गलाई पुनर्स्थापना एवं स्तरोन्नति गरिनेछ। | • हाल सम्म सडक विभाग र नेपाली सेना मार्फत कुल २६८ किट्र्याक .मि. खोलिएको छ।<br>• कर्णाली कोरिडोरको खुलालु-सलिसल्ला खण्ड अन्तर्गत यस आ मा .व.१९ कि सडक चौडा गर्ने कार्य .मि. भएको।<br>• कर्णाली कोरिडोरको हिल्सा-सिमिकोट खण्ड अन्तर्गत यस आमा .व. १.२ कि.मिट्र्याक खोल्ने कार्य ., २२ कि .मि. ट्र्याक चौडा गर्ने कार्य भएको। |
| ७. | २९७.कालीगण्डकी कोरिडोरको गैंडाकोट-राम्दी-बाग्लुङ्ग खण्ड र बेनी-जोमसोम-कोरोला खण्ड गरी थप साठी किलोमिटर सडक कालोपत्रे गरी स्तरोन्नति गरिनेछ। कालीगण्डकी कोरिडोर सडक निर्माणका लागि रु. १ अर्व ५८ करोड बजेट व्यवस्था गरेको छु। | कालिगण्डकी करिडोर (मालढुंगा - राम्दी - गैडाकोट) अन्तर्गत कुल १९० किसडक कालोपत्रे भएको .मि ., बेनी कोराला खण्ड अन्तर्गत कुल - जोमसोम -६० कि. मि . सडक कालोपत्रे भएको । |
| ८. | २९८.कोशी कोरिडोरको निर्माण तथा स्तरोन्नतिका लागि रु ८० करोड छुट्याएको छु। अरुण कोरिडोरको चतरा-लेगुवा खण्डको निर्माण कार्य अघि बढाउन बजेट व्यवस्था गरेको छु। | कोशी कोरिडोर अन्तर्गत हालसम्म १५९ कि.मि. (नेपाली सेना मार्फत) ट्र्याक खोल्ने कार्य सम्पन्न भएको, आ.व. २०८०/८१ को असारसम्ममा २ कि.मि. कालोपत्रे सडक (रिजिड पेभमेन्ट) को निर्माण सम्पन्न भएको। अरुण |

| क्र. सं. | बजेट बुँदा (आ.व. २०८०/८१) | बजेटसँग सम्बन्धित प्रगति विवरण (आ.व. २०८०/८१ सम्मको प्रगति) |
|---|---|---|
| | | करिडोरमा असारसम्ममा २ कि.मि मात्र ट्र्याक खोल्ने कार्य भएको। |
| ९. | २९९.महाकाली कोरिडोरको बम्हदेव-झुलाघाट-दार्चुला र दार्चुला-टिङ्कर सडक खण्डको स्तरोन्नतिका लागि रु ४५ करोड विनियोजन गरेको छु। सेती राजमार्गको टिकापुर-लोडे-चैनपुर र चैनपुर-तक्लाकोट खण्ड निर्माण गर्न रु ३० करोड विनियोजन गरेको छु। खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ्ग सडकलाई प्राथमिकताका साथ अघि बढाउन रु २५ करोड बजेट व्यवस्था गरेको छु। दैजी- जोगबुढा- डडेल्धुरा सडक स्तरोन्नतिको लागि रु ३० करोड रकम छुट्याएको छु। | महाकाली कोरिडोर अन्तर्गत २३ कि ट्र्याक खोल्ने .मि . कार्य सम्पन्न । सेती राजमार्ग अन्तर्गत उत्तर खण्डमा हालसम्म ४२.५ कि.मि. ट्र्याक खोल्ने कार्य भएको । दक्षिण खण्डमा रुख कटानका लागि डिभिजन वन कार्यालय डोटी मार्फत रुख कटानको सम्झौताका लागि विकास कोषमा जम्मा गर्नु पर्ने लागत अनुमान तयार गरी मिति २०८१/०२/३२ मा वन तथा भू संरक्षण विभागमा पेश भएको<br><br>महाकाली कोरिडोरको ब्रह्मदेव - दार्चुला खण्डमा कुल २३ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको। दार्चुला खण्डमा १० कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको।<br><br>खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ्ग सडक अन्तर्गत कुल १६ कि.मि. सडक कालोपत्रे भएको। |
| १०. | ३००.भेरी कोरिडोर अन्तर्गत जाजरकोट-दुनै खण्डको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ। भेरी कोरिडोर आयोजनाका लागि रु. ५० करोड विनियोजन गरेको छु। | भेरी करिडोर अन्तर्गत चेनेज १६ ०००+००० देखि ५६+ माहाल सम्म ८ कि.मी. कालोपत्रे भएको। |
| ११. | ३०१.रासी राजमार्गको दाङ-सल्यान-रुकुम खण्डको स्तरोन्नतिलाई तीव्रता दिन रु ९० करोड बजेट व्यवस्था गरेको छु। कोहलपुर-सुर्खेत र बुटवल-पाल्पा-पोखरा सडक खण्डको स्तरोन्नतिका लागि बजेट छुट्याएको छु। | रासी राजमार्ग स्तरोन्नति अन्तर्गत ७ कि.मि. सडक चौडा गर्ने साथै २ कि. मि. कालोपत्रे कार्य भएको। |

| क्र. सं. | बजेट बुँदा (आ.व. २०८०/८१) | बजेटसँग सम्बन्धित प्रगति विवरण (आ.व. २०८०/८१ सम्मको प्रगति) |
|---|---|---|
| १२. | ३०२. ११ किलो- छेपेटार- भालुस्वारा- वारपाक सडक निर्माण तथा स्तरोन्नति गर्न रु ८० करोड विनियोजन गरेको छु। डुम्रे- बेसीशहर- चामे मनाङ सडक स्तरोन्नति गर्न रु ३४ करोड विनियोजन गरेको छु। | ११ किलो- छेपेटार- भालुस्वारा- वारपाक सडक अन्तर्गत २ कि.मि. कालोपत्रे सम्पन्न भएको<br>डुम्रे सडक .मि .चामे सडक अन्तर्गत १५ कि - बेशीसहर - कालोपत्रे सकिएको । |
| १३. | ३०३.लामो समयदेखि स्तरोन्नति हुन नसकेको पासाङ ल्हामु राजमार्गको तीनपिप्ले- रानीपौवा सडक खण्डको मर्मत तथा स्तरोन्नति कार्य आगामी वर्ष सम्पन्न गर्ने गरी रु. ५० करोड विनियोजन गरेको छु। यस राजमार्गको रानीपौवा- पिपलटार सडक खण्डको स्तरोन्नति कार्यको लागि बजेट व्यवस्था गरेको छु। | तिनपिप्ले रानीपौवा खण्डको ठेक्का व्यवस्थापन भई सम्झौता भएको । |
